का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १०५
❐ २३ जेठ २०७७, शुक्रबार
❐ 5 June 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २६३४ जना | २९० जना | ८४१३४ | २३३४ | १० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६६ लाख १० हजार | ३१ लाख ९४ हजार | ३ लाख ८९ हजार | ३० लाख २७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# सर्वसहमतिको सकस

संघीय संसदको तेस्रो दल जनता समाजवादी पार्टी, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र अर्को दल राष्ट्रिय जनमोर्चाले समेत छुट्टा-छुट्टै संविधान संशोधन दर्ता गराएपछि सरकारले अगाडि बढाएको संविधान संशोधन प्रक्रियामा सर्वसहमति जुटाउने प्रक्रिया सकसमा देखिएको छ ।

जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, अंगीकृत नागरिकलाई नागरिकता र नेपालमा बोलिने सवै भाषालाई राष्ट्रिय भाषा बनाउन संविधानको अनुसूचीमै समेटिनुपर्छ ।

**जनता समाजवादी पार्टी**

संविधान संशोधन दर्ता समानुपातिक समावेशितालाई सुनिश्चित गराउने कार्यलाई पनि सँगै अगाडि बढाउनुपर्छ ।

**नेपाली काँग्रेस**

मुलुकमा संघीयता आवश्यक नरहेकाले अहिलेको संघीय संरचना खारेज गरी एकीकृत र अखण्ड नेपाल निर्माण गरिनुपर्छ ।

**राष्ट्रिय जनमोर्चा**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।

संघीय संसदको तेस्रो दल जनता समाजवादी पार्टी, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र अर्को दल राष्ट्रिय जनमोर्चाले समेत छुट्टा-छुट्टै संविधान संशोधन दर्ता गराएका छन् । जनता समाजवादी पार्टी र काँग्रेसले पहिलेबाटै अगाडि बढाएको संविधान संशोधनको एजेण्डा संशोधन हुनुपर्ने माग राखेका छन् भन जनमोर्चाले पहिलो पटक संघीयता खारेजीको माग सहित संशोधनको माग राखेको छ ।

जनता समाजवादी पार्टीले राष्ट्रियसभा निर्वाचन जनसंख्याका आधारमा हुनुपर्ने, राष्ट्रिय भाषाको अनुसूची राखेर हिन्दी भाषा पनि समेट्न माग राखेको छ । काँग्रेसको एजेण्डा भने समानुपातिक समावेशिताबारे बढी जोड दिइएको छ । जेठ दोस्रो साता अगाडि नै जसपाले संशोधन दर्ता गराउने प्रयास गरेको थियो । तर, संसद सचिवालयले सभामुखसँग राय लिनुपर्ने भन्दै दर्ता गराएको थिएन ।

सभामुखले अनुमति दिएपछि संसद सचिवालयमा तीन वटा संशोधनको एजेण्डा दर्ता भएको छ । जसपा र जनमोर्चाले दलगत रुपमै संशोधन दर्ता गराएको छ । तर, काँग्रेसका भने प्रदेश नम्बर दुईबाट निर्वाचित केही सांसदहरुले मात्रै संशोधन दर्ता गराएको छ । यसले सरकारले अगाडि बढाएको संविधान संशोधनमा सर्वसहमति जुटाउने प्रयासमा थप सकस हुने देखिएको छ ।



प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकमा सहभागी हुँदै । *तस्वीरः चन्द्रकला क्षेत्री, रासस*

लिम्पियाधुरा सहितको भूगोल समेटेर नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेको सरकारले संविधानको अनुसूची-३ मा रहेको निशाना छाप परिवर्तन गर्न संशोधन संसदमा पेश गरेको छ । नयाँ नक्सा निशाना छापमा परिवर्तन गर्न सरकारले सर्वसहमतिको पहल गर्न दुई पटक सर्वदलीय बैठक नै बोलाइसकेको छ । गएको ३१ वैशाख र १३ जेठमा सर्वदलीय बैठक बोलाइएको थियो । तर, विपक्षी दलहरुले छुट्टा-छुट्टै संशोधन प्रस्ताव दर्ता गराएपछि सर्व सहमति जुट्ने विषयमा आशंका उत्पन्न भएको छ । छुट्टा-छुट्टै संशोधन दर्ता गराएका दलहरुले आफ्नो माग पनि समेटेर एकै पटक संशोधन हुनुपर्ने माग राखेका छन् ।

भारतले नेपालको लिपुलेक सहित भूगोल अतिक्रमण गरी चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि नेपाल सरकारले लिम्पियाधुरा सहित समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गरेको छ । यो निर्णय प्रति भारतले आपत्ति जनाउँदै आएको छ ।

# मृतक संख्या दश

## एकै दिन ३३४ संक्रमित, संक्रमित संख्या २६३४

लगातार बढिरहेको संक्रमित बिहीबार एकै दिन ३३४ जनामा पुष्टि भएको छ भने मृतक संख्या दश पुगेको छ । बिहीबार मात्रै पाल्पामा एक पुरुषको मृत्यु भएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।

कोभिड-१९ को महामारीबाट मृत्यु हुनेको संख्या दश पुगेको छ । बिहीबार पाल्पाको पूर्व खोला गाउँपालिका-१ का सिलुवाका ४० वर्षीय पुरुषको संक्रमणबाट मृत्यु भएको पुष्टि भएको छ । पूर्व खोला-२ जल्पा क्वारेन्टिनमा बसेका उनलाई स्वास्थ्य समस्या देखिएपछि तानसेनस्थित मिसन अस्पतालमा ' गरिएको थियो ।

मृत्यु पछाडि मात्रै उनमा कोरोनाको संक्रमण पुष्टि भएको छ । ती पुरुषको तीन दिन अगाडि नै आइसोलेसनमा मृत्यु भएको थियो । मृत्यु भएपछि उनको स्वाब परीक्षणका लागि भैरहवास्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो । कोभिड संक्रमणको आशंकाका ओधारमा उनको शव अन्त्येष्टि गरिएको थिएन । जनस्वास्थ्य प्रयोगशालामा ती मृतक सहित २२ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ ।

बिहीबारसम्म नेपालमा दुई हजार ६३४ जनामा संक्रमण पुष्टि भएको छ । त्यस मध्ये दश जनाको मृत्यु भएको छ भने २९० जना निको भएर घर फर्किएका छन् । मुलुकका विभिन्न २० स्थानबाट दैनिक तीन हजारको हाराहारीमा परीक्षण हुँदै आएको छ । बिहीबारसम्म ८४ हजार १३४ जनाको पीसीआर विधिबाट परीक्षण गरिएको छ भने एक लाख २५ हजार ५६४ जनाको आरटीडीबाट परीक्षण गरिएको छ । परीक्षण गरिएकोमा ८१ हजार पाँच सयमा संक्रमण देखिएको छैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, हाल एक लाख ६१ हजार २६२ जना क्वारेन्टिनमा राखिएका छन् भने २३३४ जना आइसोलेसनमा छन् । बिहीबार एकै दिन ३३४ जनामा संक्रमण पुष्टि भएको छ । यो संख्या अहिलेसम्मकै उच्च हो । यस अगाडि तीन सयको संख्या नाघ्न सकेको थिएन ।

अहिलेसम्म ६४ जिल्लामा सङ्क्रमण देखिएको छ । सङ्क्रमण युवा अवस्थाका व्यक्तिमा सबभन्दा बढी देखिएको छ । १५ वर्षदेखि २४ वर्ष उमेरका ७१३, २५ वर्षदेखि ३४ वर्ष उमेर समूहका ५६२, ३४ वर्षदेखि ४५ वर्ष उमेर समूहका ३४४, ४६ वर्षदेखि ५४ वर्ष उमेर समूहका १२६ जनामा रहेका छन् ।

वृद्धा र केटाकेटीमा कम छ । अहिलेसम्म पिसीआर ८० हजार २६७ र आरडिटी एक लाख २० हजार २७९ जनामा परीक्षण गरिएको छ । यस्तै एक लाख ५५ हजार ८६८ क्वारेन्टिनमा र दुई हजार १३ जना आइसोलेसनमा रहेका छन् ।



सप्तरीका पहिलो संक्रमित डाकनेश्वरी नगरपालिका-३ हटेलका १८ वर्षीय युवकलाई आइसोलेशनबाट घर पठाउँदै राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मी ।
*-तस्बिर : नानीमैया कटवाल, रासस*

## संक्रमितमा छैन लक्षण

कोरोना भाइरस संक्रमण भएका अधिकांशमा भाइरसको लक्षण नदेखिएको पाइएको छ । संक्रमितलाई रुखाघोकी, ज्वरो, श्वास फेर्न गाह्रो, स्वाद थाहा नपाउने, थकाइ लाग्नेजस्ता लक्षण देखिनुपर्नेमा त्यसो पाइएको पाइएको छैन ।

इमिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले यहाँ देखिएका ९५ प्रतिशत संक्रमितमा कोभिड-१९ को लक्षण नदेखिएको बताए । संसारमा भने ८० प्रतिशत संक्रमितमा पनि लक्षण देखिएको छैन । कोभिड-१९ परीक्षणका क्रममा ती बिरामीमा संक्रमण देखिए पनि संक्रमतिको अवस्था भने सामान्य मानिस सरहको छ । लक्षण नदेखिनुमा परीक्षण ढिलो, नेपालमा प्रवेश गरेको भाइरस कडा खालको नहुने र नेपालीमा प्रतिरोधात्मक क्षमता बढीजस्ता कारणले लक्षण नदेखिएर संक्रमण हुनसक्ने बताए । "कोरोना बाँकी पृष्ठ २ मा

# आज यूएई र म्यानमारबाट नेपाली ल्याइँदै

**काठमाडौं/मस-** बिहीबारको तयारी यथावत रहे कोरोना भाइरस (कोभिड -१९) संक्रमणका कारण विदेशमा अति जोखिममा रहेका नेपालीहरु शुक्रबारदेखि स्वदेश फर्कने भएका छन् । पहिलो चरणमा शुक्रबार (आज) म्यानमार र यूएईमा रहेका नेपालीहरुलाई स्वदेश फर्काइन लागिएको छ । यूईईस्थित नेपाली दूतावासले त्यहाँबाट १ सय ७९ जना फर्काइने सूचीमा रहेको बताएको छ । म्यानमारबाट पनि ३५ जना आउने सूचीमा रहेका छन् । दुवै मुलुकबाट गरी शुक्रबार २ सय १४ जना नेपाली फर्काइने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यूएईबाट आउनेहरुलाई नेपाल एयरलाइन्सले ल्याउने दाबी गरे पनि यूएईको अवुधावीस्थित नेपाली दूतावासले उनीहरु उतैबाट टिकट पाएका यात्रु भएकाले फ्लाई दुवईलाई उडान अनुमति दिन पत्राचार गरेको छ । आफ्ना नागरिकको उद्धारका लागि नेपाल जहाज पठाउने म्यानमारले सोही जहाजमा त्यहाँ अलपत्र नेपालीलाई निःशुल्क टिकट दिएर ल्याइदिन लागेको बताइएको छ ।

विदेशी नागरिक पठाउन दवाब दिइरहेको यूएईले शुक्रबारदेखि आफ्नै खर्चमा ८ वटा चार्टर फ्लाइटमा नेपालीलाई फर्काउने योजना बनाएको छ । यूएईले उडान सूची समेत नेपाल सरकारलाई पठाइसकेको बताइएको छ । साढे ५ लाख बढी नेपाली घर फर्किन चाहेपनि सरकारले भने सबै देशबाट तत्काल २५ हजार नेपालीलाई ल्याउनुपर्ने भन्दै गृहकार्य गरी रहेको छ । त्यसमध्ये कुवेतमा आममाफी पाएका ३ हजार नेपाली पनि रहेका छन् । उनीहरुलाई कुवेत सरकारले नै हवाई टिकट दिएको छ ।

स्वदेश फकाइने नेपालीहरुलाई केही समय राखी उनीहरुको ठेगानामा पठाउन उपत्यकामा ३ हजार क्षमताका सातवटा 'होल्डिङ सेन्टर' तयारी अवस्थामा राखिएको छ । उनीहरु आफ्नो जिल्लाको क्वारेन्टिन वा सेल्फ क्वारेन्टिनमा नजाँदासम्म ती सेन्टरमा बस्ने छन् ।

नेपाली सेनाको निगरानीमा रहने गरी उपत्यकामा सात होल्डिङ सेन्टर रहेका छन् । त्यसमध्ये काठमाडौंमा तीन, भक्तपुर र ललितपुरमा दुई/दुई सेन्टर रहेका छन् । काठमाडौं र भक्तपुरमा एक/एक हजार र ललितपुरमा ९ सय बेड क्षमताका होल्डिङ सेन्टर हुन् । सेनाले विमानस्थलदेखि होल्डिङ सेन्टरसम्मको व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाइएको छ ।

वैदेशिक रोजगारीका क्रममा श्रम करार अवधि र भिसा सकिएका, गर्भवती तथा सुत्केरी महिला, विरामी, छोटो अवधिका लागि विदेश भ्रमणमा गएका व्यक्ति र आफन्तको मृत्यु भई काजकिरिया गर्न आउनुपर्नेलाई उद्धारको प्राथमिकतामा राखिएको छ । उक्त संख्या करिब ४० हजार हाराहारीमा रहेको अनुमान छ ।




## वैदेशिक रोजगार विशेष

### मलेसियालाई बन्दी केन्द्रहरु सुधार्न सुझाव

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) का संक्रमितहरुको उपचारमा उल्लेख्य सफलता प्राप्त गरेको मलेसिया सोही संक्रमणबाट पीडित आप्रवासी कामदारहरुलाई गरिएको व्यवहारका विषयमा भने अन्तर्राष्ट्रिय आलोचनाको निशानामा परेको छ ।

मलेसियाले अलेखवद्ध आप्रवासी कामदारहरु राखिरहेका डिटेन्सन सेन्टरहरुमा निरन्तररुपमा संक्रमण बढेको छ । बिहीबार मलेसियामा थपिएका २ सय ७७ जना कोरोना संक्रमितमध्ये आप्रवासी कामदार २ सय ७० जना रहेका छन् । यसले आप्रवासी कामदारहरुको अधिकार रक्षाको विषयलाई लिएर मलेसियाको अन्तर्राष्ट्रिय रुपमा आलोचना भएको हो । मलेसियाका विभिन्न डिटेन्सन सेन्टरमा हाल २ हजार आप्रवासी कामदार राखिएका छन् । मलेसियाको स्वास्थ्य मन्त्रालयका महानिर्देशक डा. नुर हिसम अब्दुल्लाहले बन्दी केन्द्रहरु 'हट स्पट' नै बन्न पुगेको बताएका छन् ।

मलेसियामा बिहीबारसम्म कोरोना भाइरसका ८ हजार २ सय ४७ संक्रमित रहेकोमा १ सय १५ जनाको ज्यान गएको छ । विगत १३ दिनयता त्यहाँ कोरोना भाइरसका कारण कसैले ज्यान गुमाएका छैनन् ।

चिकित्सकहरुको अन्तर्राष्ट्रिय संस्था डक्टर्स विथआउद बोर्डरका प्रमुख बेअट्रिस लाउले बन्दी केन्द्रहरुमा सुधार भएमात्र बाँकी पृष्ठ २ मा

# अलमलमै एसईई

परीक्षाका लागि प्रवेशपत्र बाँडिएपछि रोकिएको माध्यमिक शिक्षा परीक्षा (एसईई) बारे के गर्ने भन्नेबारे सरकार आफैं अलमलमा परेका छन् भने चार लाख बढी विद्यार्थी मनोवैज्ञानिक रूपमा त्रसित बनेका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ ।

गएको चैत ६ गते माध्यमिक शिक्षा परीक्षा (एसईई) शुरु हुँदै थियो । त्यसका लागि परीक्षा केन्द्र निर्धारण, पर्यवेक्षक परिचालन, सुरक्षा व्यवस्था देखि विद्यार्थीहरुलाई प्रवेश पत्र समेत बाँडिसकिएको थियो । तर, सरकारले एकाएक देशब्यापी लकडाउन घोषणा गर्दै एसईई रोक्यो ।

चैत ११ गते देखि लागू गरिएको लकडाउन खोल्नेबारे सरकार अझै प्रष्ट हुन सकेको छैन । अढाई महिना देखि जारी लकडाउनले जनवीवन अस्तव्यस्त बन्दै आएको छ भने चार लाख बढी एसईई दिन तयार विद्यार्थीमा मनोवैज्ञानिक असर परेको छ । यसबारे शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रालय नै प्रष्ट छैन ।

मन्त्री गिरिराजमणि पोखरेलले माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई), कक्षा ११ र १२ को परीक्षाका बारेमा एक साताभित्र निर्णय गरिने जानकारी दिएका छन् । शिक्षा पत्रकार सञ्जाल (इजोन)ले आयोजना गरेको भर्चुअल संवादमा उहाँले ती परीक्षाका विषयमा विभिन्न तीन विकल्पमा अध्ययन भइरहेको र त्यसका बारेमा आगामी साताभित्र निचोडमा पुगिने बताए ।



उनले अहिले परीक्षा सञ्चालन गर्न सकिन्छ वा सकिँदैन, परीक्षा सञ्चालन गर्न सम्भव नभए राष्ट्रिय परीक्षा बोर्डले मान्यता दिन कस्तो कानूनी उपाय अवलम्बन गर्नुपर्छ र कक्षा १० को परीक्षालाई नयाँ रूपमा सञ्चालन गर्न सकिन्छ वा सकिँदैन भन्ने विकल्पका मन्त्रिपरिषद्ले निर्णय गर्ने जानकारी दिए ।

उनले बन्दाबन्दीपछि अन्तिममा शिक्षण संस्था नै खुल्ने र त्यतिञ्जेलका लागि अस्थायी समाधान गर्न वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका कार्यान्वयनमा ल्याइएको उल्लेख गरे ।

"आगामी असार १ गतेबाट विद्यालय खोल्न बाँकी पृष्ठ २ मा

## सरकारलाई समितिको निर्देशन

# ‘सहज र सुलभ रूपमा स्वास्थ्य सेवाको व्यवस्था गर्नु’

**काठमाडौं/मस-** प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक समितिले कोरोना महामारीका बेला स्वास्थ्य जोखिममा रहेका नागरिकलाई सहज र सुलभ रुपमा आधारभूत स्वास्थ्य सेवाको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ। सिंहदरबारमा बिहीबार बसेको समिति बैठकले कोरोनाका कारण स्वास्थ्य जोखिममा रहेका नागरिकले नियमित र सहज रुपमा स्वास्थ्य उपचार नपाएको गुनासो आएको भन्दै महामारीका बीच अन्य रोगबाट जीवन क्षती हुन नदिन आधारभूत स्वास्थ्य सेवाको व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको हो।



त्यस्तै बैठकले समयमा नै उपचार नपाएका कारण गर्भवती, सुत्केरी तथा बालबालिकाको अकालमा मृत्यु भइरहेको देखिएको र यो संख्या बढिरहेको भन्दै उच्च स्वास्थ्य जोखिममा भएका व्यक्तिहरुको जीवन रक्षाका लागि सबै विकल्प प्रयोग गर्न पनि सरकारलाई निर्देशन दिएको छ। बैठकले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जटिल खालका गर्भवती, सुत्केरी र अत्यावश्यक रुपमा स्वास्थ्य सेवा आवश्यक पर्ने महिलाहरुको उद्धार गरी उपचारमा सहजता सिर्जना गर्दा दुर्गम क्षेत्रका महिला लाभान्वीत भएको भन्दै आगामी दिनमा पनि उद्धार कार्यलाई तीव्रता दिन पनि महिला बालबालिका मन्त्रालयलाई निर्देशन दिएको समिति सभापति निरुदेवी पालले जानकारी दिइन्।

बैठकमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री पार्वत गुरुङले कोरोनाका कारण गर्भवती महिलाको जाँच हुन नसक्दा मृत्यु संख्या बढेको स्वीकार गरे। उनले गर्भवती, सुत्केरी महिलाको समयमा नै स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउने आश्वासन दिए।

त्यस्तै स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले कोरोनाको महामारी देखिएसँगै संक्रमितको उपचार गर्न तय गरिएको उपचार मोडालिटी परिवर्तन गरिने बताए। स्वास्थ्य जोखिममा रहेका नागरिकको सहज रुपमा उपचारका लागि पनि मन्त्रालय गम्भीर रहेको भन्दै अब नयाँ उपचार मोडालिटी ल्याउने र कसैले पनि उपचार नपाएर ज्यान गुमाउनु नपर्ने धारणा राखे।

बैठकमा समिति सदस्यहरुले राज्य संयन्त्र कोरोना नियन्त्रण, रोकथाम र उपचारमा केन्द्रित हुनु सकारात्मक रहेको भएपनि अन्य स्वास्थ्य जोखिममा रहेका व्यक्तिहरुको सहज उपचारको व्यवस्थामाा पनि लाग्नुपर्ने धारणा राखेका थिए।

# किसानलाई राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन निर्देशन

**काठमाडौं/मस-** कारोना भाइरस (कोभिड-१९) का कारण समस्यामा परेका किसानलाई राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन संसदीय समितिले कृषि तथा पशुपंक्षि विकास मन्त्रालयलाई निर्देशन दिएको छ। संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिको बिहीबारको बैठकले कोभिड-१९का कारण समस्यामा परेका वास्तविक कृषकलाई उत्पादनका आधारमा बीउ, मल र प्रविधिमा अनुदान दिन निर्देशन दिएको हो।



राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताको आधारमा उत्पादकत्व अभिवृद्धि गर्दै ठूलो परिमाणमा एक स्थानमा एउटा बालीको खेती गरी कृषि वस्तुको उत्पादन वृद्धि गरी कृषिलाई आयमुलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गर्न निर्देशन दिएको छ। कखुरा पालक कृषकहरुलाई गुणस्तरीय दाना उपलब्ध गराउने विषयमा दानाको गुणस्तरमा नियमित चेकजाँच गरी गुणस्तर कम भएको दाना विक्री गर्नेलाई कारबाही गर्न समेत मन्त्रालयलाई निर्देशन दिएको छ।

यस्तै लकडाउनको अवस्थामा तरकारी तथा फलफुल ढुवानीमा आवरोध गरी नष्ट गर्ने व्यक्तिहरुलाई कारबाही गर्न समितिले गृह मन्त्रालयलाई निर्देशन दिएको छ। समितिको बिहीबारको बैठकले कोभिड १९ रोकथाम गर्ने सम्बन्धमा कानूनलाई हातमा लिई अनधिकृत रुपमा तरकारी तथा फलफुल नष्ट गर्ने व्यक्तिलाई कारबाही गर्न निर्देशन दिएको हो।

बैठकको निर्णय सुनाउँदै समितिका सभापति पूर्णकुमारी सुवेदीले किसानका तरकारी निर्वाध ओसारपसार गर्ने व्यवस्था मिलाउन र तरकारी तथा फलफुल नष्ट गर्नेलाई कारवाही गर्न गृह मन्त्रालयलाई निर्देशन दिइएको बताइन्। पछिल्लो समय तरकारी तथा फलफुल ओसारपसारमा रोक लगाई नष्ट गरेका घटना बाहिरिएपछि समितिले त्यस्ता घटनामा संलग्न व्यक्तिलाई कारबाही गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको हो।

समितिले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पनि खाद्य पदार्थमा हुने अखाद्य पदार्थको मिसावट रोक्न आवश्यक कार्य गर्न निर्देशन दिएको छ। यस्तै नेपाललाई आवश्यक पर्ने खाद्यन्नको संचिति कायम गरी महामारीमा खाद्यान्न अभाव हुन नदिन समेत मन्त्रालयलाई निर्देशन दिएको छ।

## सोती घटनाका आरोपीलाई १० दिन थुनामा राख्न अनुमति

**रुकुम/मस-** सोती घटनाका आरोपितलाई थप १० दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ। चौरजहारी नगरपालिका-८, सोतीमा यही जेठ १० गते भएको घटनाका अभियुक्त १८ जनालाई जिल्ला अदालत रुकुम (पश्चिम)ले बिहीबार म्याद थप गरेको हो।

जिल्ला प्रहरी कार्यालयले ११ दिनको म्याद माग गरेकामा अदालतले अभियुक्तलाई १० दिन हिरासतमा राखेर घटनाको अनुसन्धान गर्न अनुमति दिएको जिल्ला अदालतका स्रेस्तेदार कृतबहादुर बोहराले जानकारी दिए।

मृतकका परिवारले घटनामा संलग्न रहेको भन्दै २० जनाका नाममा किटानी जाहेरी दिएपछि प्रहरीले चौरजहारी-८ का वडाध्यक्ष डम्बरबहादुर मल्लसहित दुई पटक गरी १८ जनालाई पक्राउ गरेको थियो। दुई जना भने हालसम्म पक्राउ पर्न सकेका छैनन्। घटनामा छ जनाको निधन भएको थियो।

# हलेसी तुवाचुङ नगरपालिकाका ३ जनामा कोरोना पुष्टि




**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, २२ जेठ

खोटाङको हलेसी तुवाचुङ नगरपालिकामा तीन जनामा कोरोना पुष्टि भएको छ। एक २० वर्षीय युवकसहित उक्त नगरपालिकाका तीन जनालाई कोरोना संक्रमण पुष्टि भएको जिल्ला अस्पताल खोटाङका मेडिकल अधिकृत डा. शैलेस श्रेष्ठले बताए।

कोरोना भाइरस पुष्टि हुनेहरुमा हलेसी तुवाचुङ नगरपालिका वडा नं. १ डिकुवाका २१/२१ वर्षीय दुई युवक र वडा नं. ५ दुर्छिमका ४५ वर्षीय पुरुष रहेका छन्। उनीहरु भारतको कानपुर र गोरखपुरबाट आएर क्वारेन्टाइनमा बसिरहेको नगरउपप्रमुख विमला राईले बताइन्। सङ्क्रमित हुनेहरुको अवस्था सामान्य रहेको मेडिकल अधिकृत डा. श्रेष्ठले बताएका छन्।

सङ्क्रमित २१ वर्षीय युवक भारतको कानपुरबाट आएका हुन् भने ४५ वर्षीय भारतको गोरखपुरबाट आएका हुन्। उनी गोरखपुरको क्वारेनटाइनमा २८ दिनसम्म बसेर गाउँ आएको हलेसी तुवाचुङ नगरपालिका शाखा स्वास्थ्य प्रमुख रामकुमार भगतले बताए।

खोटाङका प्रमुख जिल्ला अधिकारी शालिकराम शर्मा पौडेलका अनुसार विराटनगरस्थित कोशी अस्पतालले बिहीबार दिउँसो उनीहरुलाई कोरोना संक्रमण पुष्टि गरेको हो। बाहुनीडाँडाका दुई युवकलाई मालिका मावि कदुवाको क्वारेन्टाइनमा र ४५ वर्षीय पुरुषलाई दुर्छिमस्थित स्वास्थ्य चौकी भवनमा बनाइएको क्वारेन्टाइनमा राखिएको थियो।

उनीहरुलाई कोरोना भाइरस (कोभिड-१९) अस्पताल विराटनगरमा पठाउने तयारी गरिँदै गरेको खोटाङका प्रमुख जिल्ला अधिकारी पौडेलले बताए। हलेसी तुवाचुङ नगरपालिकाका ३३ जनाको पीसीआर परीक्षणका लागि गत जेठ १६ गते स्वाब सङ्कलन गरी जेठ १७ गते कोशी अस्पताल पठाइएको थियो।

## ब्लड क्यान्सर पीडित ढकालको लागि सहयोगको अपील



**काठमाडौं/मस-** ब्लड क्यान्सरबाट पीडित इलाम नगरपालिका ५ निवासी १९ वर्षीय सोमनाथ ढकालको उपचारमा सहयोग गरिदिन उनका परिवारले आग्रह गरेका छन्। ढकाल करिब डेढ महिनादेखि राजधानीको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचाररत छन्।

आर्थिक अवस्था दयनीय रहेका इलाम निवासी गोपाल ढकालका छोरा सोमनाथको उपचारका लागि रकमको अभाव भएकाले ढकाल परिवारले मनकारीहरुसँग सहयोग अपील गरेको हो।

पीडित ढकालको उपचारका लागि २५ लाख रुपैयाँ लाग्ने भएको र उपचार गर्न पाए ढकालले पूनर्जिवन पाउने उनका भिनाजु विष्णु उप्रेतीले जानकारी दिए। ढकालको उपचारार्थ सहयोगका लागि प्राइम कमर्सियल बैंक लिमिटेडमा खाता नं. १०१००११९

सी ए मा रकम जम्मा गर्न सकिने वा झापा बुधबारेमा रहेका ढकालका भिनाजु उप्रेतीको मोबाइल नं. ९८०१४५२३५१ मा सम्पर्क गर्न सकिने परिवारले जनाएको छ।

## थप आठ प्रकारका मुद्दामा सुनुवाइ हुने

काठमाडौं/मस- सर्वोच्च अदालतको पूर्ण बैठकले कोरोना भाइरसको जोखिम हुन नदिन जारी बन्दाबन्दीका अवस्थामा थप आठ प्रकारका मुद्दाको सुनुवाइ गर्ने निर्णय गरेको छ। प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतका न्यायाधीशहरुको बुधबार बसेको सो बैठकले थप आठ प्रकारका मुद्दा सुनुवाइ शुरु गर्ने निर्णय गरेको सर्वोच्च अदालतका उपरजिष्ट्रार देवेन्द्र ढकालले जानकारी दिए।

सर्वोच्च अदालतले बन्दाबन्दी जारी भएपछि शुरुमा बन्दीप्रत्यक्षीकरण र महामारीसम्बन्धी मात्र मुद्दाहरुको सुनुवाइ शुरु गरेको थियो। त्यसपछि सेवाग्राही उपस्थित नहुँदा हुने मुद्दा र सार्वजनिक सरोकारका रिट निवेदनमाथि सुनुवाइ शुरु गरी अहिले थप आठ प्रकारका सुनुवाइ गर्ने निर्णय गरेको हो।

बैठकले बन्दाबन्दीको अवधिमा दर्ता हुन आएको रिट निवेदनको कारवाही र सुनुवाइ गर्ने, सम्बन्धित पक्ष वा कानून व्यवसायी उपस्थित हुन सक्ने अवस्थाका मुलुकी फौज्दारी कार्यविधि संहिताअनुसारको निवेदनको कारवाही र सुनुवाइ गर्ने निर्णय गरेको छ।

### संक्रमितमा...

भाइरस मानिसमा १४ दिनसम्म देखापर्ने गर्दछ, तर हामीले परीक्षण १४ दिनपछि पनि गरेका छौं", उनले भने, "भाइरस मानिसमा सरेको १४ दिनपछि परीक्षण गराउँदा लक्षण नदेखिन सक्छ।"

संक्रमित मध्ये पाँच प्रतिशत बिरामी भने सङ्क्रमणको लक्षणसहित मुटुरोग, उच्चरक्तचाप, दमलगायतका बिरामी छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले पनि शुरु-शुरुमा बाहिरबाट आउने बिरामीमा भाइरसको लक्षण भए पनि पछिल्लोपटक आउने बिरामीमा नभएको बताए। "शुरु-शुरु बाहिर मुलुकबाट लक्षण लिएर आएका सङ्क्रमितमा लक्षण देखिएको थियो", अस्पतालका निर्देशक डा राजभण्डारीले भने, "तर पछि भारतबाट आएका सङ्क्रमितमा भने त्यस्तो लक्षण देखिएको छैन।"

### मलेसियालाई ...

मलेसियाले कोरोना भाइरस संक्रमणमा विजय हासिल गर्ने भन्दै सचेत हुन आग्रह गरिरहेका छन्। संयुक्त राष्ट्रसंघसहित स्थानीय अधिकारवादीहरूले कोरोना परीक्षण नगरी आप्रवासी कामदारहरु जथाभावी धरपकड गर्दा कोरोना संक्रमण फैलिएको टिप्पणी गरेका छन्। गत मे पहिलो तारिकदेखि अलेखवद्ध कामदारहरु विरुद्धको धरपकड शुरु गरको मलेसियाले आगामी सातादेखि अवैध रुपमा बसिरहेका उनीहरुलाई स्वदेश फर्काउन शुरु गर्ने बताएको छ। अवैध हैसियतमा रहेका ईण्डोनेशियाली कादारहरुहरुलाई आइतबारदेखि स्वदेश फर्काइने तयारी गरिएको त्यहाँका रक्षामन्त्री ईस्माईली साब्री याकोवले बताएका छन्। मलेसियामा जुन ५ अर्थात शुक्रबारसम्म आवागमन नियन्त्रण आदेश (एमओसी)को अवधि छ।

शुरुमा स्वदेश फर्काउने योजनामा रहेका अवैध ईण्डोनेशियाली कामदारहरुको कोरोना परीक्षण भइरहेको बताइएको छ। अवैध हैसियतमा बसेका भएपनि संक्रमण मुक्त नरहेकाहरुलाई मलेसियाले स्वदेश नपठाउने बताएको छ। मलेसियामा हाल २५ हजार नेपाली अवैध रुपमा बसिरहेको अनुमान छ। त्यसमध्ये २ सय ४६ जना घरफिर्ती केन्द्र भनिने मलेसियाका डिटेन्सन सेन्टरमा रहेका छन्। उनीहरुलाई जुनभित्रै नेपाल फर्काउने तयारी रहेको बताइएको छ।

### अलमलमै...

खोजिएको होइन" उनले भने, "तत्कालका लागि विकल्प मात्र हो। ४५ दिनपछि पनि यस्तै अवस्था रहेमा विभिन्न तीन योजनाका साथ अगाडि बढ्नेछौं। दशैं अगाडि कसरी जाने र दशैं पछाडि कसरी जाने भन्ने योजना बन्नेछ।" मन्त्री पोखरेलले निर्देशिका कार्यान्वयनमा स्थानीय तहको भूमिका नै महत्वपूर्ण हुने स्पष्ट गर्दै भने, "पहिलो १५ दिनको काम हेरौं। सबै विद्यार्थी त्यसबाट लाभान्वित भए त्यसलाई शैक्षिकसत्रसँग जोड्न सकिन्छ र त्यसले औपचारिक मान्यता पाउने छ।"


## Limchungbung Rural Municipality

Office of the Rural Municipal Executive

Baraha, Udayapur

## Invitation for Bids

First Date of Publication: 2077/02/23

1. The Limchungbung Rural Municipality invites sealed electronic bids for the construction work shown in table below under National Competitive Bidding procedures.
2. Bidders interested to bid have to download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egpand submit electronically. The bidders submitting their bid electronically should deposit the cost of biding document NRs. 3,000/- (non-refundable) fee in SanchitKosh Account No.43295241207001of Nepal SBI Bank,Limchungbung Branch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
3. Bids must be submitted electronically only through www.bolpatra.gov.np, on or before 12:00 noon on 2077/03/21.Documents received after this deadline shall not be accepted.
4. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 PM on 2077/03/22at the office of Limchungbung Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of shown in table below(inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid securityfee in the form of cash, bidder has to deposit cash in DharautiKhata Account No. 43225240600003of Nepal SBI Bank, Limchungbung Branch - Udayapur and submit bank deposit voucher along with the electronic bid files.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. For more details contact Limchungbung Rural Municipality Office of MunicipalExecutive Office Mr. Binaya Shrestha (IT Officer) 9842917620/9817343609 or Mr. Sharad Chaudhary (Engineer) 9842837622.
9. Matters not covered by this notice shall be in accordance to Public Procurement Act,2063 and Public Procurement Regulation, 2004 and their amendments.
10. The name and identification of the contract are as follows:

| Contract Identification No. | Brief Description of Works | Estimated Amount with VAT (Nrs) | Bid security Amount (Nrs) | Time for Completion |
|---|---|---|---|---|
| LRM/Udayapur/Works/NCB/03/076/077 | Construction of Ward level Health Care Center Building. | 37,00,000.00 | 95,000.00 | 29thPoush2077 |

-Chief Administrative Officer

# अमेरिकी राष्ट्रपतिको चुनावको संघारमा ओबामा सक्रिय

**जुली पेस, वासिङ्टन-** अमेरिकाका पूर्व राष्ट्रपति बाराक ओबामाले अमेरिकी समाजभित्रको गहिरो जातीय र सामाजिक-आर्थिक असमानता उजागर भएसँगै उत्पन्न ऐतिहासिक संकटका बीच आफ्नो सार्वजनिक जीवनलाई पुनः सक्रिय बनाएका छन् ।

आगामी नोभेम्बरमा हुन लागेको अमेरिकी राष्ट्रपतिको चुनावको पूर्वसन्ध्यामा ओबामाको सक्रियतालाई अर्थपूर्ण रुपमा लिइएको छ ।

ओबामाले आगामी चुनावमा रिपब्लीकन पार्टीबाट पुनः उम्मेदवार हुन लागेका राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आलोचना गर्ने सहजै अनुमान गरिएको छ । गत बुधबार पूर्व राष्ट्रपति ओबामा मिनियापोलिसमा जर्ज फ्लोयडको मृत्युपछिको नागरिक अशान्तिबारे युवासँग भर्चुअल सभाहल बैठकमा सहभागी भए ।

ओबामाले "मतदान विरुद्ध बिरोध प्रदर्शन, राजनीति र सहभागिता विरुद्ध नागरिक अवज्ञा र प्रत्यक्ष कार्य" जस्ता विषयमा "इन्टरनेट बहस" लाई अस्वीकार गरेका छन् ।

"अहिले यो नभए त्यो भन्ने होइन । यो दुबै पक्ष हो र यथार्थ परिवर्तन ल्याउनको लागि हो,"



उनले टाउन हलमा भने । "हामीले समस्यालाई प्रकाश पार्नु पर्दछ र शक्तिमा रहेकाहरुलाई सोध्न सक्नु पर्दछ, तर हामीले त्यसलाई पनि व्यावहारिक समाधान र कानुनमा रुपान्तरण गर्नु पर्दछ ।"

ओबामाले फ्लोयडको मृत्युका कारण भइरहेको विरोधलाई नीति परिवर्तनमा रुपान्तरित गर्न आह्वान गरेका थिए । उनले सुरक्षित प्रहरी सेवा तथा समुदाय र कानुन कार्यान्वयन गर्ने निकायहरुबीचको आपसी विश्वास बढाउनेतर्फ युवाले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । उनले "देशका सबै मेयरहरुलाई सुरक्षा परिचालनको बारेमा समीक्षा गर्न" आग्रह गर्दै "योजनाबद्ध सुधारहरुको कार्यान्वयन"लाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए ।

"हामी अहिले राजनीतिक बहसका बीचमा छौं," ओबामाका लामो समयदेखिका मित्र एवं सल्लाहकार भ्यालेरी ज्यारेटले बताए । "पूर्व राष्ट्रपति ओबामा पदमा नरहे पनि मुलुकभित्रको यस बहसमा संवाद गर्न इच्छुक हुनुहुन्छ ।"

यस गोलमेच बैठकमा ओबामाले अहिलेको अराजकता र १९६० को दशकको आन्दोलनको बीचमा समानता रहेकामा जोड दिनुभयो । तर उहाँले सर्वेक्षणहरुले धेरै अमेरिकीले आजका प्रदर्शनलाई समर्थन गरेको देखाए पनि एउटा सानो संख्याका उत्तेजक एवं हिंसात्मक कृयाकलापले मूल मुद्दालाई ओझेलमा पार्ने खतरा रहेको बताए ।

तैपनि, उनले यस मुद्दामा विरोधको स्वर केही क्षण दबे पनि समाजभित्र विरोधी भावना यथावत रहिरहने खतरा छ भने ।

ओबामाले आगामी राष्ट्रपतिको उम्मेदवारका लागि डेमोक्र्याटिक पार्टीका तर्फबाट पूर्व उपराष्ट्रपति जो बाइडेनलाई समर्थन गरिसकेका छन् । नोभेम्बरको चुनाव अघि ओबामालाई चुनावी अभियानमा सहभागी गराउन बाइडेनको चुनाव प्रचार समितिले योजना बनाइरहेको थियो ।

गत महिना ऐतिहासिक रूपमा अश्वेत विद्यार्थीहरु पढ्ने कलेज र विश्वविद्यालयका स्नातकहरूलाई सम्बोधन गर्दै ओबामाले कोरोनाभाइरसको महामारीले ट्रम्प प्रशासनको परिस्थिति पूर्ण रूपमा उदाङ्गो भएको बताए ।

तर फ्लोयडको मृत्युप्रति देशको पहिलो काला राष्ट्रपतिबाट बढी नै कडा प्रतिक्रिया प्राप्त भएको छ । अश्वेत नागरिक फ्लोयडको गर्धनमा एक श्वेत प्रहरीले घुँडाले धेरै मिनेटसम्म थिचेपछि मृत्यु भएको थियो ।

गत हप्ता एक लामो लिखित वक्तव्यमा ओबामाले लाखौं अमेरिकीहरूले कोरोना महामारीको कहरबाट जनजीवन सामान्य बनाउनै लाग्दा अमेरिकाकै एक अश्वेत नागरिकमाथि रङ्गको आधारमा भिन्न व्यवहार होला भन्ने अनुमानसम्म गर्न सक्ने अवस्थामा नरहेको बताएका थिए ।

"यो सन् २०२० को अमेरिकामा सामान्य घटना होइन । यो घटना सामान्य हुनै सक्दैन," ओबामाले लेखेका छन् ।

पूर्व राष्ट्रपति ओबामाको वयानपछि दिनभरि नै तनाबको अवस्था सिर्जना भइसकेको छ । ट्रम्पले देशका विभिन्न शहरमा प्रहरी कारबाहीको विरोधमा भइरहेका प्रदर्शन रोक्न सेना समेत परिचालन गर्ने धम्की दिनुभएको छ । देशभित्र जारी कतिपय प्रदर्शन हिंसात्मक बनेका छन् । बाइडेनको प्रचार संयन्त्रले पूर्व राष्ट्रपति ओबामाको सक्रियतालाई स्वागत गरेको छ ।

# ट्रम्पले 'झुटो द्वन्द्व' सिर्जना गरेको पूर्व रक्षामन्त्री म्याटिसको भनाइ

**वासिङ्टन, एपी-** अमेरिकी पूर्व रक्षामन्त्री जेम्स म्याटिसले ह्वाइट हाउस नजिकै भइरहेका प्रदर्शन नियन्त्रणका लागि सेना परिचालन गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीले देशको सेना र नागरिक समाजबीच "झुठो द्वन्द्व" सिर्जना गर्ने किसिमको बताएका छन् ।

सिरियाबाट अमेरिकी सेना फिर्ता गर्ने ट्रम्पको निर्णयप्रति असहमति जनाएर सन् २०१८ डिसेम्बरमा राजीनामा गरेका म्याटिसले भने, "मैले यो साताका घटनाक्रमलाई नियालीरहेको छु, र यसबाट मलाई क्रुद्ध बनाएको छ ।"

राष्ट्रपति ट्रम्पका विरुद्धमा यसअघि उनले कुनै पनि प्रतिक्रिया दिन चाहेका थिएनन् । तर प्रहरी नियन्त्रणमा रहेका जर्ज फ्लोएडको मृत्यु भएपछि देशव्यापी विरोध प्रदर्शनबीच म्याटिसले आफ्नो भनाई सार्वजनिक गरेका थिए ।

म्याटिसले अगाडि भनेका छन्, "डोनाल्ड ट्रम्पले अमेरिकी जनतालाई एकताबद्ध गराउन कहिल्यै प्रयास गरेको मैले पाइनँ । उहाँ हामीलाई विभाजन गर्न चाहनु हुन्छ । हामीले तीन वर्षदेखि यही शैली पाएका छौं । हामीले ट्रम्पबाट परिपक्व नेतृत्व नै पाउन सकेनौं ।"

म्याटिसले ट्रम्प बाहेक अरु अमेरिकीहरु एकताबद्ध हुन पनि आह्वान गरेका छन् । प्रदर्शनकारीका बारेमा प्रतिक्रिया दिँदै म्याटिसले ठूलो संख्याका नागरिकले कानुन बमोजिम समान



न्याय पाउनुपर्नेमा जोड दिए ।

म्याटिसको भनाई सार्वजनिक भएसँगै राष्ट्रपति ट्रम्पले ट्वीट गर्दै जेम्स म्याटिसलाई चाहिनेभन्दा बढी महत्व दिइएको प्रतिक्रिया दिएका छन् । उनले मलाई म्याटिसको नेतृत्व गर्ने शैली बिल्कुलै चित्त बुझेको छैन भनेका छन् ।

# भारतमा एकैदिन ९ हजार भन्दा बढी कोरोना संक्रमित

**नयाँदिल्ली, एजेन्सी-**भारतमा कोरोनाभाइरसबाट संक्रमितको संख्या दिनप्रतिदिन बृद्धि हुदै गइरहेको छ । अघिल्ला दिनहरुमा भन्दा पछिल्ला दिनहरुमा दैनिक सङ्क्रमितको संख्या बढ्दै गइरहेको तथ्यांकले देखाएको छ ।

बिहीबार सार्वजनिक गरिएको तथ्यांक पनि पछिल्लो २४ घण्टामा संक्रमित भएकाहरुको दैनिक संख्या मध्ये अहिलेसम्मकै सवैभन्दा धेरै भएको अधिकारीहरुले जनाएका छन् ।

उनीहरुका अनुसार भारतमा पछिल्लो २४ घण्टाको अवधिमा ९ हजार ३०४ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन् । बुधबार एकै दिनमा भारतमा कोरोना भाइरसका २६० जना संक्रमित व्यक्तिको मृत्यु भएको छ ।

योसँगै देशभरी अहिलेसम्म संक्रमितको संख्या २ लाख १६ हजार ९१९ पुगेको अधिकारीहरुले जानकारी दिएका छन् ।त्यसैगरी



कोरोनाभाइरसबाट संक्रमित भएर भारतमा अहिलेसम्म ६ हजार ७५ जनाको मृत्यु भइसकेको छ ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार देशभरी अहिले पनि १ लाख ६ हजार ७३७ जना सङ्क्रमित अवस्था मै रहेका छन् । त्यसैगरी १ लाख ४ हजार १०७ जना संक्रमण मुक्त भएर घर फर्किसकेको स्वास्थ्य अधिकारीहरुले बिहीबार बताएका छन् ।

मन्त्रालयको तथ्यांक अनुसार अहिलेसम्म सवैभन्दा धेरै संक्रमितको संख्या महाराष्ट्र प्रदेशमा रहेको छ । महाराष्ट्रमा मात्रै ७४ हजार ८६० जना सङ्क्रमित भएका छन् ।

दोस्रो धेरै संक्रमित रहेको तमिलनाडु प्रदेशमा २५ हजार ८७२ जना सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ । दिल्लीमा २३ हजार ६४५ जना संक्रमित रहेका छन् ।

भारतमा पछिल्लो समयमा लकडाउनलाई खुकुलो बनाउदै लगिएको र परिक्षणको मात्रा पनि बढाइएकाले संक्रमितहरुको संख्या धेरै देखिदै गएको अधिकारीहरुले बताएका छन् ।

# 'निसर्ग' आँधीबाट भारतमा दुईको मृत्यु, तीन जना घाइते

**मुम्बई, एजेन्सी-**भारतमा निसर्ग नामको आँधीबाट पुने जिल्लामा दुई जनाको ज्यान गएको छ । अरु तीन जना घाइते भएका बताइएको छ ।

आँधीको खतरा देखिएको भन्दै यहाँका कैयौं गाउँ खाली गराइएको थियो । बुधबार राति आँधी आउने भविष्यवाणी गरिएलगत्तै ती गाउँहरु खाली गराएका त्यहाँका नागरिकलाई अन्यत्रै सारिएको थियो ।

भारतको मुम्बई र सो आसपासका क्षेत्रमा निसर्ग नामको आँधी आउने अनुमान गरिएको हो । हिजो राति आएको सो आँधीमा परी पुने जिल्लामा दुई जनाको ज्यान गएको र अरु तीन जना घाइते भएका समाचारमा जनाइएको छ ।

पुनेमा करिब एक सय घरमा क्षति पुगेको छ । कतिपय घर भत्किएका छन् भने केहीमा आंशिक क्षति पुगेको बताइएको छ । महाराष्ट्रको तटीय क्षेत्रमा आाधी आउने भन्दै बुधबार नै उद्धार कार्य गरिएको बताइएको थियो । भारतको मौसम विभागले एक सय २० किलोमिटर प्रतिघण्टाको गतिमा आँधी आउने अनुमान गरेको थियो ।

बुधबार रातिदेखि नै आँधी सम्भावित प्रभावित क्षेत्रमा सडक तथा रेल यातायात बन्द गरिएको थियो । बढी प्रभाव पार्ने अनुमान गरिएका गुजरातका ४७ वटा गाउँ पनि खाली गराएर त्यहाँका हजारौं मानिसलाई अन्यत्रै सारिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

सो सतर्कताका कारण ठूलो क्षति हुन नपाएको पनि अधिकारीहरुले जनाएका छन् ।

# एसियाबाटै खड्का एक्लो निर्णायक

**काठमाडौं, मस-** कोरोना भाइरस (कोभिड- १९) भर्चुअल अन्तर्राष्ट्रिय तेक्वान्दो पुम्से च्याम्पियनसिपको निर्णायक मण्डलमा नेपाली अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्का मनोनित भएका छन् । खड्कासहित प्रतियोगिताका लागि विभिन्न राष्ट्रका १३ जना निर्णायक चयन भएकोमा एसियाली महादेशबाटै मनोनित हुने खड्का एक मात्र निर्णायक भएको बताइएको छ । खड्का ग्योरोगी, पुम्से र पारा तेक्वान्दोका एक्लो नेपाली निर्णायक पनि हुन् ।

युएस वेस्ट कोस्ट तेक्वान्दो संघ, पोर्टल्यान्ड, अमेरिकाको तत्वावधान तथा पान अमेरिकन तेक्वान्दो युनियन, पोर्टल्यान्डको आयोजनामा प्रतियोगिता नेपाली समय अनुसार आज राति १२ बजेदेखि सुरु हुँदैछ । चारदिने प्रतियोगिता 'जुम' प्रविधि मार्फत प्रत्यक्ष हुने छ ।

प्रतियोगिताबाट संकलित रकम कोरोना भाइरसबाट अत्ति प्रभावित विभिन्न राष्ट्रका अनाथलयमा रहेका खेलाडीलाई सहयोग स्वरुप प्रदान गरिने नेप्लिज तेक्वान्दो



एकेडेमी (एनटीए) का अध्यक्ष समेत रहेका खड्काले जनाएका छन् । सहभागी खेलाडीले दर्ता शुल्कवापत एक सय अमेरिकी डलर बुझाउनु पर्ने छ ।

निर्णायकले पारिश्रमिक वापत पाउने रकम पनि अनाथलयमा रहेका खेलाडीलाई सहयोग स्वरुप प्रदान गरिने छ । निर्णायकले प्रति दिन एक सय अमेरिकी डलरका दरले पारिश्रमिक पाउने छन् ।

# अस्ट्रेलियामा घरेलु क्रिकेट शुरु

**सिड्नी, एजेन्सी-** कोरोना भाइरसका कारण स्थगित भएको अष्ट्रेलियन घरेलु क्रिकेट पुनः शुरु भएको छ । कोरोना भाइरसका महामारीपछि पहिलो पटक डार्विनमा टी २० कार्निभल सुरु भएको छ । जसमा केहि दर्शकको पनि उपस्थिती रहेको थियो । सो कार्निभलमा १५ वटा खेलहरु खेलाइने भएको छ । एटी क्रिकेट र चार्ल्स डार्विन युनिभर्सिटीको सहकार्यमा यो प्रतियोगिता भएको हो । प्रतियोगिताका केहि खेलहरु फेसबुकमा प्रत्यक्ष प्रशारण गरिनेछ । जमसा सेमिफाइनल र फाइनल खेलहरु पनि रहेका छन् । प्रतियोगिताका खेलहरु मारारा क्रिकेट मैदान, गार्डेन ओभल र काजाले ओभलमा खेलिने भएका छन । खेलहरु अष्ट्रेलियाको समय अनुसार विहान १० बजे र दिउसो साढे दुई बजेबाट सुरु हुन्छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार बिभाग
ग्रामीण सडक सञ्जाल सुधार आयोजना
आयोजना कार्यन्वयन इकाई -३
कुश्मा, पर्बत

**प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने बारे सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/२३

ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यन्वयन इकाई -३, कुश्मा, पर्बतलेबेशिशहर न. पा., गैरी- नरुवाल -श्री स्वाँरा- काफल स्वाँरा -दारेगौडा - दुरा डाँडा, लम्जुङ्ग (१५.९२६ कि मि.) सडक स्तरोन्नतीको कार्यन्वयनकालागी प्रस्ताब गरेको छ । यस प्रस्ताबबेशिशहर न. पा -२, गैरी नरुवालबाट शुरु भएरसुन्दरबजार न. पा -४, दुरा डाँडामाअन्त्य हुन्छ । यस प्रस्तावबाटबेशिशहर न. पा -२ र ४ र सुन्दरबजार न. पा -३ र ४ प्रभावित हुनेछन् । यस प्रस्ताब कार्यन्वयन गर्नुअघि यस प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण ९क्षलष्तष्बा भ्लखष्चयलकभलतबा भ्हकष्लबतष्यल(क्ष्भ्भ्० अध्ययन गर्ने शिलशिलामा प्रस्ताव कार्यन्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली र यिनका अवयवहरुको अन्तरर्किया तथा अन्तरसम्वन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने नगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्थास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन वातावरण संरक्षण नियमवालि २०५४ (पछिल्लो संसोधन)को नियम ७ उपनियम २ बमोजिम यो सुचना प्रकाशित गरिएकाले, यो सुचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरि राय सुझाव उपलव्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझाव पठाउने ठेगाना
स्थानीय पूर्वाधार बिभाग
ग्रामीण सडक सञ्जाल सुधार आयोजना
आयोजना कार्यन्वयन इकाई -३
कुश्मा, पर्बत

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगर
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
उदयपुर
प्रदेश नं. १

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/२३

यस कार्यालयबाट मिति २०७६।११।०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction of Veterinary Hospital and Livestock Service Expert Center Building, Udayapur सम्बन्धि सूचना अनुसार यस कार्यालयको कार्यालय आवास तथा भवन निर्माणको लागि E-Bidding मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याकंन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिई मूल्याकंन समितिबाट स्वीकृतको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ उपदफा १,२ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (PS सहित मू.अ.कर बाहेक ) |
|---|---|---|---|---|
| १ | VHLS/UDAYAPUR/NCB/Works/01-2076/77 | Construction of Veterinary Hospital and Livestock Service Expert Center Building, Udayapur | 1. Pabitra Nirman Sewa, Gaighat, Udayapur | रु.१,९८,७७,५८२।०९ (अक्षेरुपी एक करोड अन्ठानब्बे लाख सतहतर हजार पाँच सय बयासी पैसा नौ मात्र) |

कार्यालय प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
महानगरीय प्रहरीबृत्त
बालाजु, काठमाडौं

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशन मिति : २०७७/०२/२३

यस महानगरीय प्रहरी बृत्त बालाजु मातहत बनस्थली काठमाडौंको अस्थायी प्रहरी विट २०५४ सालदेखि स्थापना भई हालसम्म सडकको सार्वजनिक जग्गामा रहँदै आएकोले यस एरियाको शान्ति सुरक्षा सोही प्रहरी विटमार्फत हुँदै आइरहेको हुँदा हाल चक्रपथ सडक खण्ड विस्तारको क्रममा सो विट हटाउनु पर्ने भनी तालुक कार्यालयबाट आदेश प्राप्त भएको हुँदा तत्काल भवनसमेत नभएको हुँदा र पूर्वमा चमती, पश्चिममा नागर्जुन बन, उत्तरमा बालाजु औद्योगिक क्षेत्र र दक्षिणमा स्वयम्भू ढुंगेधारासम्मको एरियामा घर भाडामा लिई कार्यालय सञ्चालन गर्नुपर्ने भएकाले कम्तिमा चार कोठा, ट्वाइलेट बाथरुम तथा पानी बत्तिकोसमेत सुविधा भएको उपयुक्त घर भाडामा लिनु पर्ने भएको हुँदा माथि उल्लेखित सुविधा भएको घर भाडामा दिन इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कार्यालयको गोप्य शिलवन्दी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजात तथा शर्तहरु**

१. कोटेशन पेश गर्दा घर भएको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्ने छ ।
२. प्राप्त कोटेशन स्वीकृतको लागि जिल्ला प्रशाशन कार्यालय काठमाडौंको घर भाडा निर्धारण रेट, कमिटी समक्ष पेश गरिने छ ।
३. उल्लेखित घर भाडा दिने सम्बन्धित घरधनीसँग कम्तिमा २ (दुई) वर्षदेखि ५ (पाँच) बर्षसम्मको सम्झौता गरिने छ ।
४. घर भाडा कम्तिमा २ (दुई) वर्षसम्म बृद्धि हुने छैन ।
५. घर बाहल कर स्वयं घरधनीले व्यहोर्नुपर्ने छ ।

कार्यालय प्रमुख
(रंजित सिंह राठौर)
प्रहरी नायव उपरीक्षक

# छोटो समयमै बिमित बढेपछि कोरोना बीमा स्थगीत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

छोटो समयमै प्रसिद्धी कमाएको कोरोना (कोभिड-१९) बीमा अब बन्द हुने भएको छ । विश्वमा कोरोना महामारी फैलिँदै गर्दा बीमा समितिले जारी गरेको कोरोना बीमा लेख बीमा कम्पनीहरुले बन्द गर्नुपर्ने प्रस्ताव समितिमा गरेपछि बन्द हुने भएको हो । पछिल्लो समय यसमा अत्याधिक आकर्षण बढेपछि बीमा कम्पनीहरुको पुँजी बराबर नै दायित्व पुगेको भन्दै कम्पनीहरुले यसलाई तत्कालका लागि स्थगन गर्न समितिमा प्रस्ताव पठाएका हुन । तर समितिले पनि बीमक संघले नै यस्तो प्रस्ताव पठाएपछि बन्द गर्नुपर्ने भएको समितिका एक अधिकारीले जनाए ।




समितिले बैशाख ७ गतेदेखि कोरोना बीमा कार्यक्रम सुरु गरेको थियो । सो बीमामा कोरोना संक्रमणको पुष्टी हुने (पीसीआर परीक्षणमा पोजेटिभ) वित्तिकै बिमितले क्षतिपूर्ति पाउने व्यवस्था मिलाइएको थियो । कोरोना बीमामा ५० हजार र १ लाख रुपैयाँ दावी भुक्तानी पाउने व्यवस्था गरिएको छ । यो बिमांकमध्ये ५० हजार रुपैयाँ बराबरको बीमा गर्न बार्षिक व्यक्तिगत रुपमा ५ सय र सामुहिक वा पारिवारिक रुपमा ३ सय रुपैयाँ बिमाशुल्क कायम गरिएको थियो । यस्तै, १ लाख रुपैयाँ बराबरको बीमा गर्न व्यक्तिगत रुपमा १ हजार रुपैयाँ र सामुहिक वा पारिवारिक रुपमा ६ सय रुपैयाँ बीमाशुल्क तोकिएको थियो । कोरोना बीमाको अवधि १ वर्ष तोकिएको छ । यस्तो बीमा योजना छोटो समयमा नै लोकप्रिय भएको छ । समितिले बैशाख ७ गतेदेखि संचालनमा ल्याएको यो बीमा योजनामा अहिलेसम्म ३ लाखभन्दा बढीले बीमा गराइसकेका छन् ।

सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेटमा कोरोना बीमा गर्नको लागि बीमा शुल्कमा ५० प्रतिशत अनुदान दिने भनिएको छ । निर्जीवन बीमा कम्पनीहरुले ४-४ प्रतिशत र नेपाल पुनर्बीमा कम्पनीले २० प्रतिशत बीमा शुल्क लिने र सोही अनुपातमा क्षतिपूर्ति तिर्ने गरी पुलमार्फत गरिएको यो बीमा कार्यक्रममा सरकारले सहयोग गर्नुको साटो बीमा शुल्कमा अनुदान दिने कार्यक्रम ल्याएर अझ समस्या थपिदिएको बीमा कम्पनीहरुको भनाई छ ।

कोरोना बीमाबाट सिर्जना भएको दायित्व बीमा कम्पनीहरुको चुक्तापुँजी बराबर भइसकेपछि स्थगन गर्ने निर्णय गर्ने समितिको तयारी छ । 'कोरोना बीमा गर्नेहरुको संख्या ३ लाख पुगेको छ, अधिकांशले १ लाख रुपैयाँ बराबरको नै बीमा गरेका छन्, यसरी हेर्दा कोरोना बीमाको दायित्व ३० अर्ब रुपैयाँ जतिको भइसक्यो, २० वटा निर्जीवन बीमा कम्पनीको चुक्ता पुँजी २० अर्ब र नेपाल पुनर्बीमा कम्पनीको १० अर्ब गरी जम्मा ३० अर्ब रुपैयाँ मात्रै हो, त्यसैले बीमा कम्पनीहरुको चुक्ता पुँजी बराबरको दायित्व सिर्जना भइसकेकोले स्थगन गर्नुपर्ने अवस्था आएको हो,' समितिका एक अधिकारीले भने ।

# नुवाकोटस्थित सोलारको विद्युत् प्रणालीमा जोडियो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ जेठ

नेपाल विद्युत् प्राधिकरणले नुवाकोटमा निर्माण गरिरहेको ग्रिडमा आवद्ध सोलार आयोजनाको १.२५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपिएको छ । ऊर्जा मिश्रणको अवधारणालाई अगाडि बढाएको सरकारले क्रमशः त्यसलाई अगाडि बढाउँदै लगेको सन्दर्भमा सौर्य परियोजना क्रमशः सम्पन्न हुने चरणमा प्रवेश गरेको हो । कूल २५ मेगावाट जडित क्षमता भएको सौर्य परियोजनामध्ये बुधबारदेखि १.२५ मेगावाट बराबरको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो । सौर्य आयोजनाबाट उत्पादित विद्युत् देवीघाट विद्युत्गृहको सवस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिएको प्राधिकरणले जनाएको छ । दिउँसो घाम लागेका आधारमा १.२५ जडित क्षमताको ८० देखि ९० प्रतिशतसम्म ऊर्जा उत्पादन हुने जनाइएको छ । प्राधिकरणको स्वामित्वमा रहेको देवीघाट विद्युत् केन्द्रको स्वामित्वमा रहेको जग्गामा राखिएको सोलार प्यानलमार्फत दिउँसो उत्पादित विद्युत् सोझै राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो । ब्याट्री नराखिएकाले घाम लागेको समयमा मात्रै सोलार प्लान्टबाट विद्युत् उत्पादन हुने गरी व्यवस्था गरिएको छ । कूल २५ मेगावाट जडित क्षमताको ग्रिडमा आवद्ध नेपालकै सबैभन्दा ठूलो सोलार आयोजना हो ।

आयोजनाको १० मेगावाट विद्युत् डेढ महिनाभित्रमा ग्रिडमा जोडिने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । बाँकीको काम अगाडि बढिरहेको तर प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदन स्वीकृतिको प्रक्रियामा रहेकाले निर्माणमा केही समय लाग्ने देखिएको छ ।

"गत वैशाखभित्रै १५ मेगावाट ग्रिडमा जोड्ने गरी काम भइरहेको थियो तर लकडाउनका कारण निर्माण प्रभावित हुँदा केही समय ढिला हुन गयो", उनले भने, "सोलारबाट उत्पादित विद्युत् जोडिएसँगै नेपालको प्रणालीमा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् बढिरहेकामा अब ऊर्जाका विभिन्न स्रोतको विविधिकरण हुँदै प्रणालीमा ऊर्जा मिश्रण बढ्दै गएको छ ।"

सरकारले दीर्घकालीनरूपमा आन्तरिक उत्पादनबाटै विद्युत्मा आत्मनिर्भर हुने उद्देश्य राखी आगामी १० वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधार मानी विद्युत् आयोजनाको उत्पादन समिश्रण अनुपात कार्यान्वयनमा ल्याएको छ । सरकारको योजनाअनुसार प्रणालीमा जलाशययुक्त तथा पम्प स्टोरेज ३० देखि ३५ प्रतिशत, अर्धजलाशययुक्त (पिकिङ रन अफ द रिभर) २५ देखि ३० प्रतिशत, नदी प्रवाही ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक स्रोतबाट पाँचदेखि १० प्रतिशत बराबरको अनुपात रहने व्यवस्था गरिएको छ ।

विद्युत् केन्द्रको कर्मचारी आवास क्षेत्र नजिक रहेको खाली जग्गामा १० मेगावाट र पावरहाउस नजिक रहेका तीन ठाउँमा पाँच मेगावाट विद्युत् उत्पादन गर्न सक्ने गरी सौर्य प्रणाली जडान गरिएको छ । अहिले देवीघाट विद्युत्गृह नजिकको एक ठाउँमा राखिएको प्यानलबाट उत्पादन भएको विद्युत् प्रणालीमा जोडिएको हो । एउटा प्यानलबाट २७५ वाट विद्युत् उत्पादन हुनेछ । एक मेगावाट विद्युत् उत्पादन गर्न २० रोपनी जग्गा प्रयोग गरिएको छ ।

देवीघाट विद्युत्गृह नजिकै सोलार आयोजनाबाट उत्पादित विद्युत् जडानका लागि ६६/३३ केभीको नयाँ सवस्टेशन पनि निर्माण भइरहेको छ ।

# तातोपानीबाट उठ्यो एक अर्ब २७ करोड २६ लाखको राजश्व



**काठमाडौं/मस**-निजी क्षेत्रले कोरोना भाइरस सङ्क्रमण रोकथाम र उपचारका लागि स्वास्थ्य सामग्रीको आयात गरेसँगै तातोपानी भन्सार कार्यालयको राजश्व सङ्कलनमा सकारात्मक प्रभाव देखिएको छ ।

सो कार्यालयका प्रमुख लालबहादुर खत्रीका अनुसार गत सोमबारसम्ममा चालू वर्षको राजश्व रु एक अर्ब २७ करोड २६ लाख सङ्कलन भएको छ । गत फागुनसम्ममा रु एक अर्ब आठ करोड ९५ लाख राजश्व सङ्कलन भएको थियो । गत चैत २६ गतेदेखि अहिलेसम्म रु १८ करोड ३१ लाख राजश्व असुली भएको छ । यही जेठमा मात्र रु १२ करोड ७५ लाख राजश्व सङ्कलन भएको छ । सरकारले स्वास्थ्य सामग्रीको आयातमा भने भन्सार शुल्क मिनाहा गरेको छ ।

गत चैत २६ देखि सो भन्सार पुनः सञ्चालनमा ल्याइएको थियो । सो नाकाबाट सबैभन्दा बढी कोभिड-१९ रोकथाम र परीक्षणसँग सम्बन्धित सामग्री आयात भएको छ । लकडाउन जारी रहँदा सो नाकाबाट रु एक अर्ब ७८ करोड २५ लाख २७ हजारको सामान भित्रिएको छ ।

उनले औषधि, कृषि सामग्री, मेसिनरी, एम्बुलेन्स र स्याउ तथा लसुन गरी उक्त मूल्यको सामान भित्रिएको जानकारी दिए । भन्सार कार्यालयका अनुसार २६ चैतदेखि एक अर्ब ६२ करोड १२ लाखको स्वास्थ सामग्री मात्र आयात भएको छ ।

यस्तै यस अवधिमा रु ११ करोड २० लाखको स्याउ र लसुन, रु चार करोड ४४ लाखको धानको बीउ, रु ८२ लाखको कृषि सामग्री र रु ४९ लाखको एम्बुलेन्स आयात भएको छ ।

# विदेशबाट फर्कनेलाई नेपाल टेलिकमले निशुल्क सिमकार्ड दिने




**काठमाडौं/मस**-कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारीको अवस्थामा स्वदेश फर्कने नेपाली नागरिकलाई नेपाल टेलिकमले निःशुल्क सिमकार्ड उपलब्ध गराउने तयारी गरेको छ । नेपाल सरकारले भारतबाट स्वदेश फर्कने नागरिकहरुका लागि व्यवस्था गर्ने विभिन्न २० वटा आवागमन स्थल (नाका)हरु तथा हवाई मार्गबाट स्वदेश फर्कने नेपाली नागरिकहरुलाई बस्ने व्यवस्था मिलाउने क्वारेन्टाइन स्थल तथा होल्डिङ सेन्टरहरुमा बुथ स्थापना गरी कम्पनीले निःशुल्क सिम उपलब्ध गराउने छ । यस प्रयोजनका लागि कम्पनीले तत्काल १ लाख सिमकार्डको व्यवस्था गरिसकेको छ ।यसरी सिम प्राप्त गर्नका लागि नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्र, ट्राभल डकुमेन्ट वा परिचय झल्कने अन्य कागजात उपलब्ध गराउनु पर्नेछ । स्वदेश प्रवेश गर्ने नागरिकसँग कुनै परिचय पत्र उपलब्ध नभएको अवस्थामा उहाँहरुका आफन्त तथा निकटका व्यक्तिको परिचय पत्रबाट पनि सिम उपलब्ध गराउन सकिने छ । कम्पनीले उपलब्ध गराउने सिमकार्डको माध्यमबाट प्रयोगकर्ताले आफन्तसँग सम्पर्क गर्न सहज हुनुका साथै नेपाल फर्किएपछि उहाँहरुको स्वास्थ्य अवस्था तथा सम्पर्कमा आउने व्यक्तिको सूची तयार गर्न सम्बन्धित निकायलाई सहज हुने बताईएको छ।साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल प्रवेश गर्ने नेपालीहरुका लागि नेपाल सरकारले काठमाडौ उपत्यकामा व्यवस्था गर्ने ८ वटा होल्डिङ सेन्टरहरुमा नेपाल टेलिकमले निःशुल्क वाइफाई सेवा उपलब्ध गराउने कम्पनीले जनाएको छ ।

# सेन्चुरी बैंकद्वारा कलाकारलाई सहयोग

CENTURY BANK

**काठमाडौं/मस**-सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संम्भावित संक्रमणको कारण आर्थिक संकटमा रहेका कला तथा सङ्गित क्षेत्रमा आवद्व रहेका विभिन्न व्यत्तित्वहरुलाई नेपाल साङ्गीतिक संघ र शम्भूजीत संगीत घरको सहकार्यमा खाधन्न उपलब्ध गराएको छ । सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले यस विषम परिस्थितिमा मानविय सेवाका लागि तथा अन्य विभिन्न विपत्तिको अवस्थामा आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यहरुमा सहयोग गर्दै आएको छ ।

# सिटी एक्सप्रेसका अभिकर्ताहरुलाई बीमा सेवा

CITY EXPRESS MONEY TRANSFER

**काठमाडौं/मस**-सिटी एक्सप्रेस मनी ट्रान्सफरले विश्वव्यापी फैलिरहेको महामारी कोभिड -१९ विरुद्ध आफ्ना अभिकर्ताहरुको बीमा गराएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन पालना गर्दै यस्तो विषम परिस्थितीमा पनि आफ्नो सेवा प्रदान गर्दै आएकोमा उच्च मुल्यांकन गर्दै सेवामा थप उत्साह र उच्च मनोबलका साथ हौसला प्रदान गर्नको लागी अभिकर्ताहरुको बीमा गराइएको सिटी एक्सप्रेस मनी ट्रान्स्फरले जानकारी दिएको छ । सिटी एक्सप्रेसले अत्यावश्यक सावधानी अपनाउँदै नविनतम प्रविधीको अधिकतम प्रयोग गर्दै यस लकडाउनको अवस्थामा पनि आफ्ना सेवाग्राहीहरुलाई विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । सिटी एक्सप्रेस मनी ट्रान्स्फरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १३ वर्ष देखि कोरिया, जापान, कतार, साउदी, कुवेत, मलेसिया, अष्ट्रेलिया, युके, अमेरिका लगायत थुप्रै देशहरु मार्फत विप्रेषण सेवा प्रदान गर्दै आईरहेको छ ।आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका ८००० भन्दा बढी सेवा केन्द्रहरुबाट छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाइल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आईरहेको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**